स्थानीय सरकार
पाँचपोखरी थाङ्पाल गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
थाङ्पालधाप, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या :२०८१/०८२
चलानी : ३६८

मिति : २०८१।०५।३०

**श्री वडा कार्यालय (सबै)**
**पाँचपोखरी थाङपाल गाउँपालिका ।**

**विषय: उपभोक्ता समिति गठन सम्वन्धमा ।**

प्रस्तुत विषयमा यस गाउँपालिकाको १५ औं गाउँसभाको निर्णय अनुसार आ.व. २०८१/०८२ मा गाउँपालिका भित्र संघ, प्रदेश तथा स्थानीय तहबाट सञ्चालन हुने रू २० लाख भन्दा कम लागत भएका योजनाहरू उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने व्यवस्था रहेको छ । उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन गर्दा **पाँचपोखरी थाङपाल गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि २०७५** मा भएको व्यवस्था अनुसार गर्नु पर्ने भएकोले सबै वडा कार्यालयहरूले २०८१ कार्तिक मसान्त भित्रमा सम्वन्धित वडा भित्र संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहले विनियोजन गरेका सबै योजनाहरूको तपशिलमा उल्लेखित बुँदाहरूको आधारमा उपभोक्ता समिति गठन गरि योजना शाखामा जानकारी गराउनुहुन अनुरोध छ ।

तपशिल:

क) उपभोक्ता समिति गठन गर्दा **पाँचपोखरी थाङपाल गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि २०७५** को परिच्छेद २ को दफा ४ (क), (ख), (ग), (घ), (ङ), (च), (छ) र (ज) मा उल्लेख भए अनुसार गर्नु पर्नेछ ।

ख) उपभोक्ता समितिमा पदाधिकारी छनोट गर्दा **पाँचपोखरी थाङपाल गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि २०७५** को परिच्छेद २, दफा ५ को उपदफा (१) र (२) मा उल्लेखित योग्यता पुगेको व्यक्तिलाई मात्र छनोट गर्नु पर्नेछ ।

ग) योजनाको गुणस्तर सूनिश्चितताका लागि **पाँचपोखरी थाङपाल गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि २०७५** को परिच्छेद ३ को दफा १३ उपदफा (१) मा उल्लेख भए अनुसारको अनुगमन समिति गठन गर्नुपर्नेछ ।

घ) उपभोक्ता समिति गठन गर्दा समावेशी र सर्वपक्षिय सहभागिताको आधारमा गर्नुपर्नेछ ।

ङ) वडामा वजेट विनियोजन भएका सबै योजनाहरूको उपभोक्ता समिति गठन सम्पन्न भए पछि वडा स्तरीय उपभोक्ता समिति अनुशिक्षण कार्यक्रम आयोजना गरि वडा स्तरमा नै योजनाको सम्झौता गरिने हुँदा समिति गठन यथासक्य छिटो सम्पन्न गरि योजना शाखामा जनाकारी गराउनु हुन समेत अनुरोध छ ।

..............................
नि. प्रमुख प्रशासकिय अधिकृत

बेचार्थ:
श्री सूचना प्रविधि शाखा, वडा कार्यालय सवैमा जानकारी गराउनुहुन तथा गाउँपालिको पेजमा अपलोड गर्नुहुन ।

Panchpokhari Thangpal Rural Municipality, Sindhupalchok , Bagamati Provience http://panchpokharithangpalmun.gov.np/
Email: ito.panchpokharithangpalmun@gmail.com, Tel: +9779851109808